# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, असार १९ गते, २०७७ साल (अतिरिक्ताङ्क ५(क)

## भाग ३

प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७/३/१९ को निर्णयानुसार प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले उक्त नियमावलीको अनुसूची-२ मा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. अनुसूची -२ को,

(क) खण्ड २ मा आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी अन्तरगत रहेको सि.नं. ४२ पछि देहायका सि.नं. थप गरिएको छः-

"४३. प्रदेश विधेयक, अध्यादेश, नियम, आदेश तथा प्रदेश सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको सहमति

४४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन

४५. प्रदेश कानूनको प्रकाशन र वितरण

४६. प्रदेश सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखतको अनुवाद

४७. कानूनको एकीकरण र संहिताकरण

४८. नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौताको अभिलेखिकरण, प्रकाशन"

(ख) खण्ड ५ मा सामाजिक विकास मन्त्रालयको कार्य जिम्मेवारी अन्तरगत रहेको सि.नं. ४९ पछि देहायका सि.नं. थप गरिएको छः-

"५०. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग

५१. वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास

५२. विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन

५३. श्रमिक एवं श्रमिकको समाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन

५४. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना

५५. औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण

५६. रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

५७. कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन"

(ग) खण्ड ६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्य जिम्मावारी अन्तरगत रहेको सि.नं. ६८ पछि देहायका सि.नं. थप गरिएको छः-

"६९. विश्व सम्पदामा परेका स्मारक र पुरातात्विक महत्त्वका स्थल सम्बन्धी

७०. भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन

७१. ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन

७२. प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन

७३. प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक साँस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, गढी, साँस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवं संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण

७४. धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन

७५. संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन"

(घ) खण्ड ५ को सामाजिक विकास मन्त्रालयको कार्य जिम्मेवारी अन्तरगत रहेको सि.नं. ४३, ४४, ४५, ४६, ४७, ४८, ४९ र खण्ड ६ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्य जिम्मेवारी अन्तरगत रहेको सि.नं. ६०, ६१, ६२, ६४, ६५, ६६, ६७, ६८ झिकिएको छ ।

**आज्ञाले,**
**भगिरथ पाण्डेय**
**प्रदेश सरकार सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-